# नेपाल राजपत्र

नेपाल सरकारद्वारा प्रकाशित

खण्ड ६६) काठमाडौं, चैत्र ८ गते, २०७३ साल (संख्या ६१

## भाग ३

नेपाल सरकार

### भूमिसुधार तथा व्यवस्था मन्त्रालयको सूचना

नेपालको संविधानको धारा ५१ को खण्ड (ज) को देहाय (११) बमोजिम अव्यवस्थित बसोबासलाई व्यवस्थापन गर्ने तथा योजनाबद्ध र व्यवस्थित बस्ती विकास गर्ने राज्यको नीति एवं आर्थिक बर्ष २०७३/७४ को बजेट वक्तव्यको बुँदा नं १६१ अनुरुप मेचीदेखि महाकालीसम्मको सरकारी, सार्वजनिक र गुठी जग्गामा भएका अतिक्रमण रोक्न, अव्यवस्थित बसोबास र सुकुम्बासी समस्याको समाधानको लागि व्यवस्थित बसोबास आयोग गठन गर्न वाञ्छनीय भएकोले,

नेपाल सरकारले देहायको आदेश जारी गरेको छ ।

१. संक्षिप्त नाम र प्रारम्भ : (१) यस आदेशको नाम "व्यवस्थित बसोबास आयोग आदेश, २०७३" रहेको छ ।

(२) यो आदेश नेपाल राजपत्रमा सूचना प्रकाशित भएको मितिदेखि तोकिएको स्थानमा लागू हुनेछ ।

२. परिभाषा : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस आदेशमा,-

(क) 'आयोग' भन्नाले दफा ३ बमोजिम गठन भएको आयोग सम्झनु पर्छ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागू हुनेछ।

(ख) 'भूमिहीन' भन्नाले आफ्नो वा आफ्नो परिवार वा अंशियारको नाममा जग्गाधनी वा मोहीको हैसियतले नेपाल राज्यभर कुनै पनि ठाउँमा घरजग्गा नभएका, घरजग्गा जोड्न सक्ने साधनस्रोत नभएका वा प्राकृतिक प्रकोपबाट घर जग्गा विहीन हुन पुगेका र कृषि पेशामा श्रम गरी जीविकोपार्जन गर्ने नेपाली नागरिक वा निजप्रति आश्रित परिवार सम्झनु पर्छ।

(ग) 'स्लम बस्ती' भन्नाले सानातिना आयमूलक कार्य गर्न वा जीविकोपार्जनको लागि ग्रामीण क्षेत्रबाट आई महानगरपालिका, उपमहानगरपालिका वा नगरपालिका क्षेत्रका सरकारी/सार्वजनिक जग्गामा आफूखुसी घर वा टहरा बनाई बसोबास गरेको बस्ती सम्झनु पर्छ।

(घ) 'अतिक्रमित सडक बस्ती' भन्नाले जुनसुकै सडक वा राजमार्ग वा सडकका चोकहरुमा सडकको अधिकार क्षेत्र (राईट अफ वे) अतिक्रमण गरी घर, गोठ, टहरा वा छाप्रा बनाई आफूखुसी बसोबास गरेको बस्ती सम्झनु पर्छ।

(ङ) 'अव्यवस्थित बसोबास' भन्नाले नेपाल राज्यभर कुनै पनि ठाउँमा आफू वा आफूप्रति आश्रित परिवारको नाममा घरजग्गा भएको वा नभएको व्यक्तिले सरकारी वा सार्वजनिक जग्गामा आफूखुसी बसोबास गरेको बस्ती सम्झनु पर्छ।

(च) 'अतिक्रमित कृषि जग्गा' भन्नाले सरकारी जग्गामा आधिकारिक निकायबाट कुनै स्वीकृति नलिई जोत कमोद गरेको वा गैरकानूनी रुपमा खरिद गरी खेतीपाती वा घर टहरा बनाई बसोबास गरेको जग्गा सम्झनु पर्छ।

(छ) 'क्षेत्रगत विषय' भन्नाले खण्ड (ग), (घ), (ङ) र (च) का विषय सम्झनु पर्छ।

(ज) 'जिल्ला समिति' भन्नाले दफा ९ वमोजिम गठित जिल्ला बसोबास व्यवस्थापन समिति सम्झनु पर्छ।

(झ) 'परिवार' भन्नाले एकासगोलमा रहेका बाजे, बज्यै, बाबु, आमा, पति, पत्नी, छोरा, अविवाहित छोरी, छोराबुहारी,



१३२२

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

नाति, नातिना, धर्मपुत्र, अविवाहित धर्मपुत्रीलाई सम्झनु पर्छ ।

(ञ) 'जग्गा उपयोग निस्सा' भन्नाले जग्गाको स्वामित्व नेपाल सरकारको रही प्रयोजन उल्लेख गरी उपयोग मात्र गर्नका लागि उपलव्ध गराइएको कुनै प्रकारले हक हस्तान्तरण, अंशवण्डा, दृष्टिबन्धक वा धितो राख्न नमिल्ने गरी जारी गरिएको सरकारी जग्गाको आधिकारिक प्रमाणपत्र सम्झनु पर्छ ।

(ट) 'मन्त्रालय' भन्नाले भूमिसुधार तथा व्यवस्था मन्त्रालय सम्झनु पर्छ ।

(ठ) 'क्षेत्रगत कार्यविधि' भन्नाले क्षेत्रगत विषयलाई व्यवस्थापन गर्न तयार गरिएको कार्यविधि सम्झनु पर्छ ।

३. आयोगको गठन : (१) आयोगको गठन देहाय बमोजिम हुनेछ :-

(क) माननीय मन्त्री/राज्यमन्त्री, भूमिसुधार तथा व्यवस्था मन्त्रालय - अध्यक्ष

(ख) सचिव, वन तथा भू-संरक्षण मन्त्रालय - सदस्य

(ग) सचिव, सहरी विकास मन्त्रालय - सदस्य

(घ) सचिव, गृह मन्त्रालय - सदस्य

(ङ) सचिव, भूमिसुधार तथा व्यवस्था मन्त्रालय - सदस्य

(च) नेपाल सरकार (मन्त्रिपरिषद्) बाट नियुक्त तीन जना सम्बन्धित क्षेत्रका विज्ञ - सदस्य

(छ) भूमिसुधार तथा व्यवस्था मन्त्रालयको राजपत्राङ्कित प्रथम श्रेणीको पदाधिकारी -सदस्य-सचिव

(२) आयोगको बैठकमा आवश्यकता अनुसार सम्वन्धित पदाधिकारी वा विज्ञलाई आमन्त्रण गर्न सकिनेछ ।

(३) आयोगको बैठक आयोगको अध्यक्षको स्वीकृतिमा सदस्य-सचिवले बोलाउने छ ।

(४) आयोगको बैठकमा अध्यक्ष र सदस्य-सचिव सहित बहुमत सदस्यको उपस्थिति आवश्यक पर्नेछ ।

(५) आयोगको अन्य कार्यविधि आयोग आफैंले निर्धारण गर्नेछ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागू हुनेछ।

४. आयोगको कार्यक्षेत्र : (१) आयोगको कार्यक्षेत्र नेपाल राज्यभर हुनेछ ।

(२) आयोगले सार्वजनिक सूचना प्रकाशन गरी बस्ती व्यवस्थापन गर्ने स्थान तोक्नेछ ।

५. आयोगको सचिवालय : (१) आयोगको सचिवालय काठमाडौं उपत्यकामा रहनेछ ।

(२) आयोगको सचिवालयमा आवश्यक पर्ने कर्मचारी भूमिसुधार तथा व्यवस्था मन्त्रालयको आन्तरिक जनशक्तिबाटै व्यवस्थापन गरिनेछ ।

६. आयोगको काम, कर्तव्य र अधिकार : आयोगको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

(क) क्षेत्रगत विषयलाई योजनाबद्ध र व्यवस्थित रुपमा व्यवस्थापन गर्न निर्देशक सिद्धान्त (गाइडिङ्ग प्रिन्सिपल) स्वीकृत गर्ने,

(ख) दफा ७ बमोजिम गठित सहजीकरण समितिलाई दफा ८ को अधिकार भित्र रही कार्ययोजना तयार गरी पेश गर्न निर्देशन दिने,

(ग) सहजीकरण समितिले पेश गरेका नीति, रणनीति, कार्ययोजना र क्षेत्रगत कार्यविधि स्वीकृत गर्ने,

(घ) आयोगबाट स्वीकृत नीतिगत व्यवस्था, कार्यान्वयनका रणनीति र क्षेत्रगत कार्यविधिहरु अनुरुप गर्न गराउन जिल्ला समितिलाई निर्देशन दिने,

(ङ) निर्धारित समयमै आयोगको कार्य सम्पन्न गर्न गराउन आयोगका अध्यक्ष र जिल्ला समितिका अध्यक्ष बीच कार्य विवरण र कार्ययोजना वमोजिम कार्य सम्पादन सम्झौता गराउने,

(च) जिल्ला समितिलाई वार्षिक कार्यक्रम, कार्ययोजना, अख्तियारी र आवश्यक बजेट उपलव्ध गराउने,

(छ) आयोगको कार्यक्षेत्रसँग सम्बन्धित विषयमा नेपाल सरकारका विभिन्न निकायलाई आवश्यक निर्देशन दिने,

(ज) विभिन्न निकायबाट सञ्चालन हुने बस्ती विकास सम्बन्धी कार्यक्रममा समन्वय गरी दोहोरोपना हटाउने,

(झ) दफा ९ बमोजिम जिल्ला समिति गठन गरी कार्यादेश दिने,



१३३४

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ञ) जिल्ला समिति र सहजीकरण समितिबाट सम्पादित कार्यको नियमित अनुगमन गरी आवश्यक निर्देशन दिने ।

७. सहजीकरण समिति : (१) आयोगको काम कारबाहीमा सहजीकरण र समन्वय गर्न देहाय बमोजिमको सहजीकरण समिति रहनेछ :-

(क) सचिव, भूमिसुधार तथा व्यवस्था मन्त्रालय -संयोजक
(ख) महानिर्देशक,वन विभाग -सदस्य
(ग) महानिर्देशक, सहरी विकास विभाग -सदस्य
(घ) महानिर्देशक, सडक विभाग -सदस्य
(ङ) महानिर्देशक, भूमिसुधार तथा व्यवस्थापन विभाग -सदस्य
(च) महानिर्देशक, नापी विभाग -सदस्य
(छ) भूमि व्यवस्थापनको क्षेत्रमा कार्यरत संस्था मध्येबाट विज्ञहरु दुई जना -सदस्य
(ज) आयोगको सदस्य-सचिव -सदस्य-सचिव

(२) सहजीकरण समितिले आवश्यकता अनुसार कुनै पदाधिकारी वा विशेषज्ञलाई बैठकमा आमन्त्रित गर्न सक्नेछ ।

(३) सहजीकरण समितिको कार्यविधि समिति आफैंले निर्धारण गरे बमोजिम हुनेछ ।

८. सहजीकरण समितिको काम, कर्तव्य र अधिकार : सहजीकरण समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

(क) क्षेत्रगत विषयमा गर्नुपर्ने नीतिगत व्यवस्था र कार्यान्वयनका रणनीति तयार गरी आयोग समक्ष स्वीकृतीको लागि पेश गर्ने,
(ख) व्यवस्थित वा योजनाबद्ध बस्ती व्यवस्थापन गर्दा अवलम्बन गर्नुपर्ने क्षेत्रगत कार्यविधि तयार गरी आयोग समक्ष स्वीकृतीको लागि पेश गर्ने,
(ग) आयोग र जिल्ला समितिका काम कारबाहीमा समन्वय गर्ने,
(घ) जिल्ला समितिको कार्यको नियमित अनुगमन गरी सुधारात्मक उपाय अवलम्वन गर्नु पर्ने भए आयोगमा पेश गर्ने,
(ङ) आयोगले तोकेका अन्य कामहरु गर्ने।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

९. जिल्ला बसोबास व्यवस्थापन समितिको गठन : (१) आयोगबाट भएका निर्णय कार्यान्वयन गर्न जिल्लास्तरमा देहाय बमोजिमको जिल्ला बसोबास व्यवस्थापन समिति रहनेछ :-

(क) प्रमुख जिल्ला अधिकारी वा नेपाल सरकारले तोकेको व्यक्ति -अध्यक्ष

(ख) प्रमुख जिल्ला अधिकारी वा निजले तोकेको अधिकृत प्रतिनिधि -सदस्य

(ग) स्थानीय विकास अधिकारी -सदस्य

(घ) प्रमुख, जिल्ला बन कार्यालय -सदस्य

(ङ) प्रमुख, सम्बन्धित क्षेत्रको मालपोत कार्यालय -सदस्य

(च) प्रमुख, सम्बन्धित क्षेत्रको नापी कार्यालय -सदस्य

(छ) प्रमुख, बस्ती व्यवस्थापन गरिने स्थानको स्थानीय तह -सदस्य

(ज) समितिले उपयुक्त ठहऱ्याएको कम्तीमा एक महिला सहित तीन जना -सदस्य

(झ) प्रमुख, भूमिसुधार कार्यलिय -सदस्य-सचिव

(२) जिल्ला समितिले आवश्यक देखेमा कुनै पदाधिकारी, विषय विशेषज्ञलाई बैठकमा आमन्त्रण गर्न सक्नेछ ।

(३) जिल्ला समितिको बैठक आवश्यकता अनुसार समितिको अध्यक्षले तोकेको मिति, समय र स्थानमा बस्नेछ ।

(४) जिल्ला समितिको बैठकको लागि सम्पूर्ण सदस्य सङ्ख्याको पचास प्रतिशत सदस्य उपस्थित भएमा गणपूरक सङ्ख्या पुगेको मानिनेछ ।

(५) जिल्ला समितिमा बहुमतको राय मान्य हुनेछ । मत बराबर भएमा बैठकको अध्यक्षता गर्ने व्यक्तिले निर्णायक मत दिन सक्नेछ ।

(६) जिल्ला समितिको बैठक सम्बन्धी अन्य कार्यविधि समिति आफैंले निर्धारण गरे बमोजिम हुनेछ ।



१३३८ आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(७) जिल्ला समितिले क्षेत्रगत विषयमा कार्य सम्पादन गर्न आवश्यकता अनुसार विषयगत उपसमिति गठन गर्न सक्नेछ ।

(८) भूमिसुधार कार्यालय नभएको जिल्लामा जिल्ला समितिको सदस्य-सचिवको काम मालपोत कार्यालयको प्रमुखले गर्नेछ ।

१०. जिल्ला बसोबास व्यवस्थापन समितिको काम कर्तव्य र अधिकार : जिल्ला वसोबास व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछ :-

(क) जिल्ला भित्रका विभिन्न स्थानमा रहेका दफा २ को खण्ड (ग), (घ), (ङ) र (च) मा उल्लेख भएका क्षेत्रहरु पहिचान गर्ने,

(ख) खण्ड (क) बमोजिम पहिचान गरिएका क्षेत्रहरु व्यवस्थापन गर्न दफा ११ बमोजिमका आधारमा छनौट गरी प्राथमिकता क्रम तोक्ने,

(ग) खण्ड (ख) बमोजिम प्राथमिकता तोकिएका स्थानका व्यवस्थित गराउनु पर्ने वास्तविक परिवारहरुको स्थलगत रुपमा लगत तयार गर्ने,

(घ) खण्ड (ग) बमोजिम तयार गरिएको लगत उपर चित्त नबुझेमा उजुरी गर्नका लागि पन्ध्र दिनको अवधि तोकी सार्वजनिक सूचना प्रकाशन गर्ने,

(ङ) खण्ड (घ) बमोजिम जारी सूचनामा दावी उजुरी परेमा सोको पहिचान, छानविन र प्रमाणीकरण गरी वास्तविक भूमिहीन र व्यवस्थित गर्नुपर्ने परिवारको अन्तिम लगत र व्यवस्थित गर्नुपर्ने क्षेत्रगत विषय यकिन गरी सूची प्रकाशित गर्ने,

(च) खण्ड (ङ) बमोजिम यकिन भैसकेपछि क्षेत्रगत विषयको कार्यविधि अपनाई जग्गा उपयोग निस्सा तयार गर्ने, प्रमाणीकरण गर्ने र उपलब्ध गराउने ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

१३३६

११. बस्ती व्यवस्थापन छनौटका आधारहरु : दफा ९ बमोजिमको जिल्ला समितिले दफा १० को खण्ड (ग) बमोजिम प्राथमिकता क्रम निर्धारण गर्ने आधार देहाय वमोजिम हुनेछन् :-

(क) बसोबास गरिरहेका परिवारहरुको सङ्ख्या, पेशा, व्यवसाय र जीवनयापनको अवस्था,

(ख) बसोबास गरिरहेको ठाउँमा उपलब्ध आधारभूत सुविधा र वातावरणीय अवस्था,

(ग) तत्काल सम्बोधन नगर्दा पर्न सक्ने असर,

(घ) भौगोलिक वा भौगर्भिक विपद्को जोखिमको अवस्था ।

१२. जग्गा अधिग्रहण गर्न सक्ने : (१) व्यवस्थित बस्ती व्यवस्थापन गर्ने सरकारी जग्गासँग कुनै व्यक्ति विशेषको जग्गा जोडिएको रहेछ र व्यवस्थापनको लागि सो जग्गा आवश्यक पर्ने रहेछ भने त्यस्तो जग्गा व्यवस्थित गर्न जिल्ला समितिलाई उपलब्ध गराइ विकसित कित्ता जग्गा प्राप्त गर्न सो व्यक्ति मञ्जुर भएमा निजको साविकको क्षेत्रफलको पचास प्रतिशतमा नघट्ने गरी विकसित कित्ता जग्गा उपलब्ध गराउन सकिनेछ ।

(२) उपदफा (१) बमोजिम जग्गा उपलब्ध गराउन जग्गाधनी मञ्जुर नभएमा र बस्ती व्यवस्थापन गर्न त्यस्तो जग्गा प्राप्त गर्न आवश्यक भएमा सो जग्गा अधिग्रहण गर्न सकिनेछ ।

१३. व्यवस्थित बस्ती र व्यवस्थित कृषि क्षेत्रको लागि उपयोग गरिने जग्गा : (१) देहायका प्रकृतिका जग्गामा क्षेत्रगत कार्यविधिमा तोकिएको मापदण्डको परिधिभित्र रही व्यवस्थित बस्ती वा व्यवस्थित कृषि क्षेत्र विकास गरिनेछ :-

(क) हाल भोगचलन गरेको सरकारी जग्गा वातावरणीय दृष्टिले व्यवस्थित बसोबास गर्न अनुकूल भए सोही ठाउँ र त्यस्तो जग्गा वातावरणीय दृष्टिले व्यवस्थित बसोबास अनुकूल नभएमा जीविकोपार्जनको लागि सहज हुने गरी नजिकको गाउँपालिका वा नगरपालिका, निर्वाचन क्षेत्र वा जिल्ला भित्रका व्यवस्थापन योग्य सरकारी जग्गा,



१२३८

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ख) नापनक्सा भई नेपाल सरकारको नाममा फिल्डबुक मात्र कायम भएको वा नेपाल सरकारको नाममा दर्ता भएको सरकारी जग्गा ।

(ग) भूमि सम्बन्धी ऐन, २०२१ बमोजिम हदबन्दी भन्दा बढी प्राप्त भएको वा जफत भएको जग्गा ।

(२) सरकारी प्रयोजन र सार्वजनिक हितका लागि आवश्यक पर्ने जग्गा छुट्याई बाँकी जग्गाको मात्र जग्गा उपयोग निस्सा वितरण गर्न सकिनेछ ।

१४. जग्गा उपयोग निस्सा प्रमाणीकरण र वितरण : (१) जग्गा उपयोग निस्सामा सम्बन्धित व्यक्ति र निजसँग आश्रित परिवारको नाम समेत जनाउने र एकल महिला वा पुरुष भए सोही व्यहोरा जनाई जग्गा उपयोग निस्सा उपलब्ध गराउनु पर्नेछ।

(२) जग्गा उपयोग स्रेस्ता, जग्गाको उपयोग निस्सा, नापी नक्सा, फिल्डबुक र प्लट रजिष्टरको प्रत्येक पानामा जिल्ला समितिको अध्यक्ष र सदस्य-सचिवले हस्ताक्षर गरी प्रमाणित गर्नु पर्नेछ ।

(३) जग्गा उपयोग निस्सामा निस्सा प्राप्त गर्नेको अधिकार, निषेधाधिकार र दायित्व उल्लेख गर्नु पर्नेछ ।

१५. मूल्य, वार्षिक शुल्क र सुविधा सम्बन्धी व्यवस्था : (१) व्यवस्थित बसोबास गराउँदा भूमिहीनलाई कार्यविधिमा तोकिएको हदसम्मको जग्गा उपयोग निस्सा नि:शुल्क उपलब्ध गराइनेछ । तर अन्यत्र जग्गा भएको व्यक्ति पनि सोही ठाउँमा बसोबास गरी आएको रहेछ र उसले सोही ठाँउमा बसोबास गर्न चाहेमा निजबाट नेपाल सरकारले रजिष्ट्रेशन प्रयोजनको लागि तोकेको न्यूनतम मूल्यमा नघट्ने गरी मूल्य लिइ उपयोग निस्सा दिन सकिनेछ ।

(२) नि:शुल्क उपलब्ध गराइएको र मूल्य लिइ उपलब्ध गराइएको जग्गाको वार्षिक उपयोग शुल्क बुझाउनु पर्नेछ ।

(३) उपयोग निस्सा प्राप्त गरेको जग्गामा निर्मित संरचनामा बत्ती, पानी, टेलिफोन जस्ता सुविधा जडान गर्न पाइनेछ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागू हुनेछ।

१६. अधिकार प्रत्यायोजन सम्बन्धी व्यवस्था : नेपाल सरकारले स्थानीय प्रशासन ऐन, २०२८ को दफा ११ को उपदफा (१) ले दिएको अधिकार प्रयोग गरी देहाय बमोजिमका अधिकार जिल्ला समितिलाई प्रत्यायोजन गरेको छ :-

(क) जग्गा (नापजाँच) ऐन, २०१९ को दफा ३, ३ख., ४, ६, ७, ८, ८क., १० र ११ का अधिकारहरु,

(ख) जग्गा नापजाँच नियमावली, २०५८ को नियम ४, ५, ९, १२, १३, १४, १५, १६, १७, १८, २०, २२ र २३ का अधिकारहरु,

(ग) मालपोत ऐन, २०३४ को दफा ६, ८, ८क., २४, २५ र २६ का अधिकारहरु,

(घ) मालपोत नियमावली, २०३६ को नियम ३, ४, ४क., ५क., ५ख., ५घ. र २२क. का अधिकारहरु,

(ङ) भूमि सम्बन्धी ऐन, २०२१ को दफा २१ को अधिकार,

(च) भूमि सम्बन्धी नियमहरु, २०२१ को नियम १६ र २३ का अधिकारहरु,

(छ) जग्गा प्राप्ति ऐन, २०३४ को जग्गा अधिग्रहण गर्ने दफाहरु ।

१७. झुट्टा विवरण पेश गरी जग्गा प्राप्त गरेमा निर्णय बदर हुने : (१) भूमिहीनको हैसियतमा एक पटक जग्गा प्राप्त गरिसकेका व्यक्ति वा परिवारले पुनः भूमिहीनको हैसियतले जग्गा प्राप्त गर्न पाइने छैन ।

(२) भूमिहीनका हैसियतले झुट्टा विवरण पेश गरी जग्गा उपयोग निस्सा प्राप्त गरेको व्यहोरा कसैको उजुर परी वा अन्य स्रोतबाट जानकारी प्राप्त हुन आई छानविन गर्दा झुट्टा विवरण पेश गरी जग्गा प्राप्त गरेको प्रमाणित हुन आएमा त्यस्तो जग्गा वितरण वा वितरण गर्ने गरी गरेको निर्णय आयोगको पदावधि रहेको अवस्थामा आयोगले र आयोगको विघटन भएको अवस्थामा सम्बन्धित मालपोत कार्यालयले उपयोग निस्सा खारेज



१३४०

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

गरी सोको जानकारी सम्बन्धित व्यक्तिलाई दिनेछ र साविक बमोजिम स्रेस्ता कायम गर्नुपर्नेछ ।

१८. पुरस्कार सम्बन्धी व्यवस्था : दफा १७ को उपदफा (२) बमोजिम सूचना दिने व्यक्तिलाई उपयोग निस्सा खारेज भएको जग्गाको रजिष्ट्रेशन प्रयोजनको लागि तोकेको मूल्यको पच्चीस प्रतिशत वा पचास हजार रुपैंया मध्ये जुन रकम घटी हुन्छ सो रकम पुरस्कार स्वरुप दिइनेछ ।

१९. आयोग, सहजीकरण समिति र जिल्ला समितिका पदाधिकारी तथा कर्मचारीले जग्गा प्राप्त गर्न नहुने : आयोग, सहजीकरण समिति र जिल्ला समितिका पदाधिकारी तथा आयोग, सहजीकरण समिति र जिल्ला समितिमा कार्यरत कर्मचारी र तिनका परिवारले यस्तो जग्गा प्राप्त गर्न सक्ने छैनन् । तर आयोग, सहजीकरण समिति र जिल्ला समितिहरुमा रहेका भूमिहीनहरुको हकमा यो व्यवस्था लागू हुने छैन ।

२०. आयोग, सहजीकरण समिति र जिल्ला समितिका पदाधिकारी तथा कर्मचारीको पारिश्रमिक तथा अन्य सुविधा : (१) आयोगका विज्ञ सदस्यहरुलाई नेपाल सरकारका विशिष्ट श्रेणी सरहको पारिश्रमिक उपलब्ध गराइनेछ ।

(२) आयोगको काममा खटिँदा अध्यक्ष तथा सदस्यहरुलाई नेपाल सरकारका विशिष्ट श्रेणीका पदाधिकारीहरु सरहको भ्रमण तथा दैनिक भत्ता उपलब्ध गराइनेछ ।

(३) जिल्ला समितिका अध्यक्ष (प्रमुख जिल्ला अधिकारी अध्यक्ष भएको अवस्थामा बाहेक) लाई राजपत्राङ्कित प्रथम श्रेणी सरह र मनोनीत सदस्यहरुलाई नेपाल सरकारको राजपत्राङ्कित द्वितीय श्रेणीका अधिकृत सरहको पारिश्रमिक उपलब्ध गराइनेछ।

(४) आयोग र जिल्ला समितिहरुमा काम गर्ने कर्मचारीहरुलाई निजहरुले खाइपाई आएको शुरु तलब स्केलको पच्चीस प्रतिशतले हुन आउने रकम मासिक भत्ताको रुपमा उपलब्ध गराइनेछ ।

(५) आयोग र समितिको कामको लागि फिल्डमा खटिने आयोग, सहजीकरण समिति र जिल्ला समितिका पदाधिकारी तथा



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागू हुनेछ। १३४१

कर्मचारीले प्रचलित कानून बमोजिम दैनिक तथा भ्रमण भत्ता पाउनेछन् ।

(६) आयोग, सहजीकरण समिति र जिल्ला समितिको बैठक भत्ता अर्थ मन्त्रालयबाट जारी निर्देशिका बमोजिम हुनेछ ।

२१. विज्ञ तथा सदस्यहरुको योग्यता र सेवा अवधि : (१) दफा ३ को उपदफा (१) को खण्ड (च) बमोजिमका विज्ञ सदस्यमा नियुक्त हुन स्नातकोत्तर उपाधि प्राप्त गरी सम्बन्धित क्षेत्रमा कम्तीमा दश वर्षको अनुभव प्राप्त गरेको हुनु पर्नेछ ।

(२) दफा ९ को उपदफा (१) को खण्ड (ज) बमोजिमका सदस्यहरुको पदावधि नियुक्ति भएको मितिले दुई वर्षको हुनेछ ।

(३) दफा २५ र २६ को अवस्थामा बाहेक आयोगका विज्ञ र सदस्य-सचिवको सेवा अवधि नियुक्ति हुँदाका बखत तोके बमोजिम हुनेछ ।

२२. कर्मचारी सम्बन्धी व्यवस्था : आयोग र जिल्ला समितिको काममा आवश्यक पर्ने कर्मचारीहरु आयोगले नेपाल सरकारका विभिन्न निकायबाट काजमा लिई व्यवस्थापन गर्न सक्नेछ ।

२३. आर्थिक प्रशासन सम्बन्धी व्यवस्था : आयोग र जिल्ला समितिको आर्थिक प्रशासन सम्वन्धी व्यवस्था देहाय बमोजिम हुनेछ :-

(क) आयोगलाई आवश्यक पर्ने बजेट अर्थ मन्त्रालयले मन्त्रालय मार्फत उपलब्ध गराउने छ ।

(ख) आयोग र जिल्ला समितिको कार्य सञ्चालनका लागि छुट्टै बैंक खाता हुनेछ ।

(ग) सदस्य सचिव र तोकिएको लेखा अधिकृत वा लेखापालबाट संयुक्त दस्तखतबाट आयोग र जिल्ला समितिको खाता सञ्चालन हुनेछ ।

(घ) आयोग र जिल्ला समितिको आय(व्ययको लेखा प्रचलित कानून बमोजिम राखिनेछ ।

(ङ) आयोग र जिल्ला समितिको लेखापरीक्षण प्रचलित कानून बमोजिम हुनेछ ।



१३४२

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(च) आर्थिक प्रशासन सम्बन्धी अन्य व्यवस्था प्रचलित कानून बमोजिम हुनेछ ।

२४. जग्गाको उपयोग, हक हस्तान्तरण र धितो बन्धक सम्बन्धी व्यवस्था : आयोगले उपयोग निस्सा दिई वितरण गरेको जग्गा बेचबिखन, धितो बन्धक, दृष्टिबन्धक राख्न वा कुनै किसिमले हक हस्तान्तरण गर्न पाइने छैन ।तर उपयोग निस्सा प्राप्त गर्नेको शेषपछि निजको हकवालाले सो जग्गा पूर्व शर्त बमोजिम उपयोग गर्न बाधा पर्ने छैन ।

२५. आयोगको कार्यावधि : (१) आयोगको कार्यावधि आयोग गठन भएको मितिले दुई वर्षको हुनेछ ।

(२) कार्यावधि अगावै आयोगले आफ्नो कार्य सम्पन्न गरेमा आयोग स्वत: विघटन हुनेछ ।

(३) आयोग विघटन भएपछि सहजीकरण समिति र जिल्ला समितिहरु स्वत: विघटन हुनेछन् ।

(४) आयोग विघटन भएपछि आयोग र जिल्ला समितिका पदाधिकारीहरुको पदावधि स्वत: समाप्त हुनेछ ।

(५) कार्यावधि भित्र कार्य सम्पन्न हुन नसकेमा मन्त्रालयको सिफारिसमा नेपाल सरकार (मन्त्रिपरिषद्) ले आवश्यकता अनुसार आयोगको म्याद थप गर्न सक्नेछ ।

२६. आयोग र जिल्ला समितिका पदाधिकारीको पद बहाल नरहने अवस्था : नेपाल सरकारको निर्णय बमोजिम नियुक्त भएका आयोग र जिल्ला समितिका पदाधिकारीहरुले प्राप्त अधिकारको दुरुपयोग गरेमा, आयोग र जिल्ला समितिलाई जानीबुझी हानी नोक्सानी पुर्याएमा, अनियमित कार्य गरेमा आयोगका अध्यक्षको हकमा नेपाल सरकार (मन्त्रिपरिषद्) को निर्णयले र अन्य पदाधिकारीको हकमा भूमिसुधार तथा व्यवस्था मन्त्रीको निर्णयले पदमुक्त गरिनेछ ।

२७. आयोगको प्रतिवेदन तथा नेपाल सरकारसँगको सम्पर्क : (१) आयोग, सहजीकरण समिति र जिल्ला समितिले सम्पादन गरेका कामको मासिक, चौमासिक र वार्षिक प्रगति विवरण जिल्ला



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

समिति र सहजीकरण समितिले आयोगमा र आयोगले तयार पारेको एकीकृत प्रतिवेदन मन्त्रालयमा पठाउनु पर्नेछ ।

(२) आयोगले आफ्नो काम सम्पन्न गरेको प्रतिवेदन मन्त्रालयमा पेश गर्नु पर्नेछ ।

(३) आयोगले नेपाल सरकारसँग सम्पर्क गर्दा मन्त्रालय मार्फत गर्नु पर्नेछ ।

२८. सरकारी निकायसँगको समन्वय र सहकार्य : आयोग, सहजीकरण समिति र जिल्ला समितिले नेपाल सरकारका अन्य निकायहरुबाट आवश्यक सहयोग माग गर्न सक्नेछन् र त्यस्तो माग भएको सहयोग उपलब्ध गराउनु त्यस्ता निकायको कर्तव्य हुनेछ ।

२९. कार्ययोजना बनाई काम गर्नुपर्ने : यस आदेशको कार्यान्वयन गर्न आयोगले आवश्यक कार्ययोजना र कार्यतालिका बनाई काम गर्नु पर्नेछ ।

३०. निर्देशन दिन सक्ने : नेपाल सरकारले आयोगलाई आवश्यकता अनुसार निर्देशन दिन सक्नेछ । यस्तो निर्देशनको पालना गर्नु आयोगको कर्तव्य हुनेछ ।

३१. विगतका आयोग/समितिले गरेका कार्य : दफा १० को खण्ड (ग) बमोजिम लगत तयार गर्दा विगतमा गठित आयोगर समितिले जग्गाधनी पूर्जा वितरण गरेका तर जग्गा भोगचलन गर्न नपाएका व्यक्तिले पुनः जग्गा प्राप्त गर्न माग गरेमा निजलाई पहिले उपलब्ध गराइएको जग्गाको वास्तविकता बुझ्दा त्यस्ता व्यक्ति मर्कामा परेको ठहरेमा यस आदेश बमोजिम जग्गा उपयोग निस्सा उपलब्ध गराउन सकिनेछ ।

आज्ञाले,
कृष्ण प्रसाद देवकोटा
नेपाल सरकारको सचिव



१३४४

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।